# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

## स्थापित : २०४७

मिति : २०८३/०४/०७

## ध्यानाकर्षण विज्ञप्ती

नेपालको बैंक, बीमा, लघुवित्त, पूँजी बजार तथा अन्य वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई संगठित गर्दै क्रियाशिल रहेको नेपाल वित्तीय संस्था कर्मचारी संघ **(FIEUN)**, राष्ट्रिय समितिले सरकारी तथा निजी क्षेत्रमा स्थापित भएका ५१ वटा वित्तीय संस्थाहरुका प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरुको नेतृत्व गर्दै **वित्तीय क्षेत्रका सम्पूर्ण कर्मचारीहरुको पेशागत हकहितको संरक्षण एवं वित्तीय क्षेत्रमा पारदर्शिता, सुशासन कायम तथा मर्यादित कामको सिर्जना गरी यस क्षेत्रको विकास र स्थायित्व**का लागि निरन्तर क्रियाशिल रहँदै आएको छ ।

यसै सन्दर्भमा, नेपाल एसबिआई बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरू माथि भएको भनिएको मानसिक उत्पीडन, प्रतिशोधपूर्ण सरुवा (Retaliatory Transfer), ट्रेड युनियन अधिकार माथिको हस्तक्षेप तथा श्रमिक अधिकार सम्बन्धी गम्भीर विषयहरूप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल एसबिआई बैंक कर्मचारी संघ (NSBIEU) ले सम्बन्धित निकायहरू समक्ष प्रस्तुत गरेको तथ्य तथा विवरण अनुसार बैंकको कमर्शियल शाखामा कार्यरत कर्मचारीहरूको उजुरीपछि आन्तरिक छानबिन प्रक्रिया प्रारम्भ भएको भएपनि सो प्रक्रियालाई निष्पक्ष, पारदर्शी र न्यायोचित निष्कर्षमा पुऱ्याउनुको सट्टा उजुरीकर्ता तथा ट्रेड युनियनसँग आबद्ध कर्मचारीहरूलाई प्रतिशोधपूर्ण ढंगले सरुवा गरिएको, मानसिक दबाब सिर्जना गरिएको तथा ट्रेड युनियन गतिविधिलाई कमजोर बनाउने प्रयास भएको भन्ने विषय अत्यन्त गम्भीर रहेको हाम्रो ठहर छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको श्रमिकको मौलिक हक, ट्रेड युनियन स्वतन्त्रता, श्रम ऐन, २०७४, ट्रेड युनियन ऐन, २०४९ तथा बैंकको आफ्नै Anti–Harassment Policy को मर्म र भावना विपरीत हुने कुनै पनि कार्यले सुशासन, सामाजिक संवाद तथा संस्थागत श्रम सम्बन्धलाई कमजोर बनाउने निश्चित छ ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN) स्पष्ट रूपमा विश्वास गर्दछ कि कुनै पनि कर्मचारीले कार्यस्थलमा देखिएको समस्या वा अनियमितताबारे उजुरी गर्नु, आफ्नो विचार व्यक्त गर्नु वा ट्रेड युनियन मार्फत आफ्नो अधिकारको रक्षा गर्नु कुनै पनि हालतमा दण्डनीय विषय हुन सक्दैन । यस्ता कार्यका कारण कर्मचारी माथि प्रतिशोधपूर्ण व्यवहार हुनु लोकतान्त्रिक श्रम सम्बन्धको मूल सिद्धान्त विपरीत हो ।

फोन : +९७७-१-५७०५३५६

Email : mail@fieunnepal.org.np, fieunrastriyasamiti@gmail.com, Web : www.fieunnepal.org.np

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

## स्थापित : २०४७

अतः नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समिति सम्बन्धित पक्षहरू समक्ष देहाय बमोजिम जोडदार माग गर्दछः

- नेपाल एसबिआई बैंकमा देखिएको सम्पूर्ण घटनाको निष्पक्ष, स्वतन्त्र तथा पारदर्शी छानबिन गरियोस् ।
- उजुरीकर्ता, पीडित कर्मचारी तथा ट्रेड युनियन पदाधिकारीहरू माथि गरिएको भनिएको प्रतिशोधपूर्ण सरुवा तथा अन्य विभेदपूर्ण निर्णय तत्काल पुनरावलोकन गरी आवश्यक सुधार गरियोस् ।
- Complaint Redressal Committee लगायत सम्पूर्ण अनुसन्धान प्रक्रियाको प्रतिवेदन सम्बन्धित पक्षलाई उपलब्ध गराई प्राकृतिक न्यायको सिद्धान्त अनुसार निष्पक्ष निर्णय गरियोस् ।
- बैंकभित्र ट्रेड युनियन अधिकार, अभिव्यक्ति स्वतन्त्रता तथा सुरक्षित र सम्मानजनक कार्यस्थल सुनिश्चित गर्न व्यवस्थापनले आवश्यक कदम चालोस् ।
- नेपाल राष्ट्र बैंक तथा सम्बन्धित नियामक निकायले बैंकिङ क्षेत्रमा श्रम अधिकार, संस्थागत सुशासन तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक पहल गरोस् ।

तसर्थ, यस संघ नेपाल एसबिआई बैंक कर्मचारी संघले उठाएका श्रमिक हित, न्याय र विधिको शासनसँग सम्बन्धित जायज मागहरूप्रति आफ्नो ऐक्यबद्धता व्यक्त गर्दछ । साथै, वित्तीय क्षेत्रका सम्पूर्ण कर्मचारीहरूलाई सुरक्षित, सम्मानजनक तथा प्रतिशोध रहित कार्य वातावरण सुनिश्चित गर्न सम्बन्धित सबै पक्षलाई जिम्मेवार र संवेदनशील बन्न आग्रह गर्दछ ।

(विकाश श्रेष्ठ)
महासचिव

(परशुराम खनाल)
का.वा. अध्यक्ष

फोन : +९७७-१-५७०५३५६

Email : mail@fieunnepal.org.np, fieunrastriyasamiti@gmail.com, Web : www.fieunnepal.org.np